शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चन्द्रौटा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४

चलानी नम्बर :

मिति : २०८३/०७/१३

Outdoor LED Display Board जडानका लागि घरको छत भाडामा उपलब्ध गराउने सम्बन्धित घरधनीहरूका लागि अति जरूरी सूचना।

यस नगरपालिकाको कार्यालयबाट चालु आ.व. २०८३/०८४ मा चन्द्रौटा मुख्य चोक क्षेत्रमा **१५.७५ft × ९.४५ft** साइजको **Outdoor LED Display Board** जडान गर्नु पर्ने भएको हुँदा चन्द्रौटा मुख्य चोकस्थित पूर्व-पश्चिम राजमार्ग तथा चन्द्रौटा-कृष्णनगर सडक खण्डमा आवतजावत गर्ने सर्वसाधारण र यातायातका साधनहरूबाट सहजै दृश्यावलोकन (Visibility) गर्न सकिने उपयुक्त स्थानमा अवस्थित घरको छत भाडामा प्राप्ति गर्नु पर्ने भएकोले उपरोक्त मापदण्ड र अनुकूल स्थानमा घर भएका इच्छुक घरधनीहरूले यो सूचना प्रकाशन भएको मितिले **७ (सात) दिनभित्र** तपसिल बमोजिमका कागजातहरू तथा शर्तहरूको अधीनमा रही आफ्नो घरको छत भाडामा उपलब्ध गराउनका लागि **शिलबन्दी दररेट** यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

१. पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

क) तोकिएको ढाँचा वा व्यहोरा सहितको लिखित **निवेदन**।

ख) घरधनीको **नेपाली नागरिकताको प्रमाण-पत्र**को स्पष्ट छाँयाप्रति।

ग) सम्बन्धित घर/जग्गाको **जग्गाधनी प्रमाण-पूर्जा (लालपुर्जा)** को छाँयाप्रति।

घ) चालु आर्थिक वर्ष (२०८३/०८४) को **मालपोत तथा सम्पत्ति कर चुक्ता गरेको रसिद**को छाँयाप्रति।

ङ) घरनक्सा अभिलेखको छाँयाप्रति।

२. पालना गर्नुपर्ने मुख्य शर्तहरू:

- **वार्षिक भाडादर:** छत भाडा बापतको वार्षिक भाडादर स्पष्ट रूपमा अङ्क र अक्षरमा निवेदनमा खुलाउनु पर्नेछ।
- **भाडा वृद्धि: भाडादर वृद्धि गरिने समयावधि (वर्ष) र भाडामा हुने वृद्धिको दर प्रतिशत (%) मा स्पष्ट रूपमा खुलाउनु पर्नेछ।**
- **समयावधी:** डिस्प्ले बोर्ड जडानका लागि छत **भाडामा कम्तिमा ५ वर्षका** लागि उपलब्ध गराउनु पर्नेछ।

नोट: तोकिएको मिति र समयसीमा नाघे पश्चात प्राप्त हुन आएका शिलबन्दी दररेटहरू उपर कुनै कारबाही हुने छैन। यस विषयमा थप जानकारी आवश्यक परेमा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

पितामबर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , shivrajmunicipality@gmail.com,
website: http://shivrajmun.gov.np

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

मितिः २०८३ साल ..... महिना .....

शिवराज नगरपालिकाको कार्यालय,

चन्द्रौटा, कपिलवस्तु।

विषयः **Outdoor LED Display Board** जडानका लागि घरको छत भाडामा उपलब्ध गराउने सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको कार्यालयबाट चालु आ.व. २०८३/०८४ मा चन्द्रौटा मुख्य चोकमा Outdoor LED Display Board जडान गर्ने भनी प्रकाशित सूचना बमोजिम मेरो/हाम्रो स्वामित्वमा रहेको घरको छत भाडामा उपलब्ध गराउन म/हामी इच्छुक रहेको हुँदा आवश्यक कागजातहरू यसै साथ संलग्न राखी यो शिलबन्दी दररेट पेश गरेको छु/छौं।

घर तथा जग्गाको विवरणः

१. घर अवस्थित स्थान (ठेगाना):

२. नेपाली नागरिकता प्रमाणपत्र नं. र जारी मितिः .....

३. कित्ता नं.: .....

आर्थिक तथा अन्य शर्तहरूको विवरणः

१. वार्षिक भाडादरः रु. ..... (अक्षेरुपीः ..... मात्र) प्रति वर्ष।

२. भाडा वृद्धिः प्रत्येक ..... वर्षमा भाडा दरमा ..... प्रतिशतले वृद्धि गरिनेछ।

यसमा उल्लेखित विवरणहरू सत्य तथा तथ्य हुन्, झुटा ठहरिए कानुन बमोजिम सहुँला बुझाँउला। तसर्थ, बोर्ड राख्रका लागि मेरो घरको छत उपयुक्त ठहर गरी छनौट गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

संलग्न कागजातहरूः

१. निवेदन (यस पत्र)

२. नेपाली नागरिकता प्रमाणपत्रको छाँयाप्रति - १ थान

३. जग्गाधनी प्रमाणपत्रको छाँयाप्रति - १ थान

४. चालु आ.व. को मालपोत/सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि - १ थान

निवेदकः

हस्ताक्षरः .....

नाम, थरः .....

सम्पर्क नं.: .....

स्थायी ठेगानाः .....